**यस मन्त्रालयका सचिव श्री धरणीधर खतिवडाज्यूको अध्यक्षतामा २०७० साल बैसाख १६ गतेका दिन बसेको मन्त्रालय तथा मातहतका सबै सरोकारवाला कार्यान्वयन निकाद्वारा संचालित सबै आयोजना तथा कार्यक्रमको दोश्रो चौमासिक अवधिको प्रगति समीक्षा बैठकको निर्णय ।**

**निर्णय नं १ :**

यस मन्त्रालय अर्न्तगतका विभिन्न कार्यक्रम तथा आयोजना संचालन गर्ने देहाय अनुसारका कार्यान्वयन निकायहरुको चालु आ.व. २०६९/०७०को दोस्रो चौमासिक अवधिको भौतिक तथा वित्तीय प्रगति विवरण देहाय अनुसार रहेको पाईयो । सम्वन्धित सवै निकायको प्रगति विवरण समिक्षा गर्दा समग्रमा वार्षिक लक्ष्य हासिल गर्न कठिन हुने देखिएकोले वार्षिक लक्ष्य हासिल हुने गरि रणनीति वनाई काम गर्न सवै सम्वन्धित निकायलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं. | निकाय | भौतिक प्रगति | वित्तीय प्रगति |
|---|---|---|---|
| १. | प्रशासन योजना तथा वैदेशिक सहायता समन्वय महाशाखा | | ३९% |
| २. | पुर्वाधार पुनर्निर्माण महाशाखा | ४४.०९% | ३४.२% |
| ३. | कानुन तथा संचार महाशाखा | ५४.१७% | ३.१६% |
| ४. | द्वन्द्व व्यवस्थापन महाशाखा | | ३२% |
| ५. | स्थानीय शान्ति समिति | ४४% | ६६% |
| ६. | राहत तथा पुनस्थापन महाशाखा | १००% | भुक्तानि वांकी |
| ७. | द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना | ४४.०९% | ३४.३% |
| ८. | शान्ति प्रकृया सहयोग आयोजना | | ९.०७ |
| ९. | राहत तथा पुनस्थापन ईकाई | | ३८.६६% |
| १०. | राष्ट्रिय शाहिद पार्क | ३९.०३% | ३०.२०% |
| ११. | द्वन्द्व प्रभावित व्यक्ति,परिवार तथा संरचनाको लगत संकलन कार्यदल | | |
| १२. | नेपाल प्रहरी | (प्रथम चरण ९९%, दोस्रो चरण, तेस्रो चरण २० %) | |
| १३. | शहरी विकास तथा भवन निर्माण विभाग | ८२% | ३४% |
| १४. | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | ४३% | ३८.२% |
| १५ | शान्तिकोष सचिवालय | ५५ आयोजना मध्ये २८ सम्पन्न २७ चालु रहेको | |

**निर्णय नं २ :**

माननीय मन्त्रीज्यू तथा श्रीमान् सचिवज्यूको अध्यक्षतामा वस्ने हरेक वैठकमा नेपाल प्रहरी तर्फ घटिमा रा.प.प्रथम श्रेणी सरहको अधिकृत र अन्य निकायतर्फ यभासंभव महानिर्देशक र निजको कावु वाहिरको परिस्थीतिमा निजमुनिको वरिष्ठतम रा.प.द्धितीय श्रेणीको कर्मचारीले प्रतिनिधित्व गर्ने भनि निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३ :**

द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदलको कार्य समयमै सम्पादन गर्ने निर्णय गरियो ।

(दस्तखत : ...............)
(धरणीधर खतिवडा)
सचिव

मिति २०७०।१।१६



This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com